प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं.१
विराटनगर

फोन नं. ०२१-५७२९०६, ०२१-५७४३३१, ०२१-५७५७८५, ०२१-५७११४०, ०२१-५७३६७६, ०२१-५७४१६८

प.सं. : २०७९/०८० ०७८/०७९
च.नं. : ४८९

मिति : २०७९/०९/२०

विषयः- जानकारी गराइएको सम्बन्धमा।

श्री सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय,
प्रदेश नं.१, विराटनगर।

प्रस्तुत बिषयमा तहाँ मन्त्रालयको च.नं.४७९ मिति २०७९/०९/०८ गतेको पत्रानुसार पूर्वाधार विकास कार्यालय मोरङबाट विभिन्न सडकहरु निर्माण र मर्मत गर्न अन्य सडक मर्मत सम्भार शीर्षकमा थप बजेट व्यवस्थाका लागि अनुरोध भई आएको सन्दर्भमा यो पत्र लेखिँदैछ। वार्षिक कार्यक्रममा स्वीकृत नभएका आयोजनाहरुलाई कार्यालयको मर्मतसम्भार शीर्षकबाट कार्य गराउँदा विनियोजित बजेट भन्दा अत्यधिक धेरै दायित्व सिर्जना भई भुक्तानीको लागि बजेट व्यवस्था हुन नसक्दा विगत आर्थिक वर्षमा विभिन्न समस्याहरु सिर्जना भएको विदितै छ। चालु आ.व.मा लक्ष्य अनुसार राजस्व संकलन न्यून रहेकोले बजेट घाटा बढ्दै गएको, बहुवर्षीय आयोजनाको धेरै दायित्व भुक्तानी बाँकी रहेको, बहुवर्षीय दायित्व थपिँदै गएको अवस्थामा स्रोत व्यवस्थापन चुनौतीपूर्ण रहको व्यहोरा जानकारीका लागि अनुरोध छ। वार्षिक कार्यक्रममा स्वीकृत नभएका र विनियोजित बजेट भन्दा बढीको दायित्व सृजना हुने गरी कुनै पनि आयोजना/कार्यक्रम कार्यान्वयन नगर्न, नगराउनहुन अनुरोध छ। साथै कार्यक्रम स्वीकृत नभएका र बजेट विनियोजन भन्दा बढीको दायित्व सिर्जना गरी भुक्तानी हुन नसकेमा सम्बन्धित निकाय/पदाधिकारी नै जवाफदेही हुनुपर्ने व्यहोरा सहितको जानकारी सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय मार्फत् पूर्वाधार विकास कार्यालय, मोरङलाई लेखी पठाउने भनी यस मन्त्रालय (माननीय मन्त्रीस्तर) बाट मिति २०७९/०९/२० मा निर्णय भएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

विदुर पौडेल
शाखा अधिकृत
शाखा अधिकृत
अधिकृतस्तर (सातौं)

बोधार्थः
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.१।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं.१, विराटनगर।
श्री पूर्वाधार विकास कार्यालय, मोरङ।

website : www.moeap.p1.gov.np E-mail: moeap.s1@gmail.com